# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रदेश नं. ५ , नेपाल

च.नं.

प.सं. ०७७/०७८

मिति २०७७/०५/२१

**कोरोना भईरस (कोभिड-१९) को संक्रमण रोकथाम नियन्त्रणका लागि सरावल गाउँपालिकाबाट जारी अत्यन्त जरुरी सूचना ।**

कोरोना भईरस (कोभिड-१९) को संक्रमण तिब्र रुपमा फैलिरहेको वर्तमान सन्दर्भमा यसको रोकथाम, तथा नियन्त्रणका लागि यस सरावल गाउँपालिकाको समुदाय स्तरमा PCR परिक्षणको लागि नमुना पठाउने कार्य निरन्तर चलिरहेको र हाल सम्म प्राप्त नतिजा मध्ये यस गाउँपालिका वडा नं.२मा १ जना, वडा नं.३ मा १ जना, वडा नं.४ मा ५ जना र वडा नं.७ मा ४ जना र १ जना स्वास्थ्यकर्मि गरि कुल जम्मा १२ जना संक्रमित देखिएको मध्ये २ जना निको भई घर फर्कि होम आइसोलेसनमा रहेको र बाकी संक्रमितहरुलाई निजहरुको स्वास्थ्य अवस्था अनुसार होम आइसोलेसन तथा संस्थागत आइसोलेसनमा नियमित स्वास्थ्यकर्मिको निगरानीमा राखिएको र हालसम्म सबै अवस्था सामान्य रहेको ब्यहोरा अनुरोध गर्न चाहन्छौं । यस गाउँपालिका क्षेत्र भित्र समेत कोभिड-१९ संक्रमण देखिसकेको र यसको दर अझ बढ्नसक्ने सम्भावनालाई दृष्टिगत गरि यसको रोकथाम र नियन्त्रणको लागि जिल्ला सुरक्षा समितिको मिति २०७७/०५/१९ गतेको निर्णयबमोजिम यस गाउँकार्यपालिका तथा अन्य समितिको आगामी बैठकबाट अनुमोदन गराउने गरी २०७७।०५।२० गते देखि मिति २०७७।०५।३१ गते राति १२ बजे सम्म देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिएको छ ।

गाउँपालिका मातहतको स्वास्थ्य शाखा तथा भुजहवा स्वस्थ्य चौकि बाहेक (स्वास्थ्यकर्मिको PCR रिपोर्ट नआएसम्म) सम्पुर्ण स्वास्थ्य चौकिबाट सम्पादन हुने सेवाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पुर्णरुपमा पालना गरि नियमित रुपमा प्रवाह गर्ने ।

-गाउँपालिका कार्यालय एवं मातहतका वडा कार्यालय तथा पालिकास्थित बैक, वित्तिय संस्थाहरुले अत्यावश्यक सेवाहरु न्यनतम जनशक्तमा परिचालन गरी स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालन गरी सेवा प्रवाह गर्ने ।

- विरामी एवं अत्यावश्यक काम बाहेक सकभर घरवाहिर ननिसक्ने , भिडभाड नगर्ने , अत्यावश्यक आवत-जावत नगर्ने, जात्रा, महोत्सव सबै धर्म संस्कृत सम्वध्य सामाजिक तथा सास्कृतिक कार्यक्रम र क्रियाकलापहरु आयोजना नगर्नुहुन साथै घरपरिवार निस्कनै पर्ने अवस्थामा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने सामाजिक दुरी कायम गर्ने लगायतका स्वास्थय सुरक्षा सतर्कता र मापदण्डको पुर्ण रुपमा पालना गर्ने ।

-यात्रुवाहक सार्वजनिक सवारी साधनहरु संचालन नगर्नु नगाराउनुहुन । साथै निजी सवारी साधन अत्यावश्यक काम वाहेक अन्य काममा प्रयोग नगर्नु नगाराउनुहुन ।

-गाउपालिका स्थित सम्पुर्ण सामुदायिक एवं सस्थागत विद्यालय, मदर्सा लगाएतका समपुर्ण शैक्षिक संस्थाहरु, तालिम एवं प्रशीक्षण केन्द्रहरु , खेलकुद स्थल , ब्युटिपार्लर , शैलुन लगाएतका सेवा तथा स्थलहरु संचालन नगराउनुहुन ।

-करोना भाइरस रोकथाम नियन्त्रणको लागि यस गाउपालिकाबाट हाल सम्म जारी सूचनालाई पुर्णतः कार्यन्वयनमा सहयोग पुर्याउनु भएकोमा सम्पुर्ण सरावल बासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै आगामि दिन हरुमा समेत सहयोगको अपेक्षा सहित आ-आफ्नो घरमा रही सुरक्षाका उपायहरु अवलम्बन गर्नु गराउनुहुन हार्दिक अनुरोध गर्दछु ।

2066/05/12

.............................

राधेश्याम चौधरी

(अध्यक्ष)

"सक्षम निजामती प्रशासन; विकास समृद्धि र सुशासन"

वेबसाईट: www.sarawalmun.gov.np

ईमेल: info@sarawalmun.gov.np